गुजरा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सिमरा भवानीपुर रौतहट,
मधेश प्रदेश, नेपाल

**आन्तरिक आय ठेक्का बन्दोवस्त सम्वन्धी सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति २०८३/०४/१४)**

यस गुजरा नगरपालिकाको अधिकार क्षेत्राधिकार भित्र निम्न आय शिर्षकमा लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्तिहरुको हकमा नागारिकता प्रमाणपत्रको प्रतिलिपि र ईच्छुक फर्म वा कम्पनीहरुको हकमा आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, करचुक्ताको प्रमाणित प्रतिलिपिहरु तथा उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पत्र पेश गरी यस कार्यालयबाट दरभाउपत्र फारम खरिद गरी तोकिएको शर्तको अधिनमा रही रितपूर्वक गोप्य शिलबन्दी दरभाउपत्र छुट्टाछुट्टै ठेक्का नम्बर अनुसार पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि ७ दिने यो सूचना प्रकाशन गरिएको छ ।

दरभाउपत्र फारम पाईने, दर्ता गर्ने र खल्ने स्थान:- गुजरा नगरपालिकाको कार्यालय, रौतहट ।
दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति:- २०८३।०४।२०
दरभाउपत्र दर्ता गर्ने र खल्ने मिति समय: दर्ता हुने मिति: २०८३।०४।२१ गतेको १२:०० बजे भित्र र खोल्ने समय सोही दिन

| ठेका नम्बर | ठेका विवरण | उठाउनु पर्ने क्षेत्र | सटर नं. | ल.इ. बार्षिक | वोलपत्र फारम दस्तुर | धरौटी रकम (न्यून कबोल अंकको) | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| ०६/०८३/०८४ | प्रशासनिक भवनको पश्चिमपट्टीको सटर भाडा | गुजरा न.पा. क्षेत्राधिकार भित्र | सटर नं १ देखी ९ सम्म प्रति सटर | २४०००।- | १००० | ५% | |
| ०७/०८३/०८४ | मल्टीकम्पलेक्स भवनको सटरहरु | गुजरा न.पा. क्षेत्राधिकार भित्र | सटर नं १ | ३६०००।- | | | |
| | | | सटर नं ११ | ३६०००।- | | | |
| | | | सटर नं २ देखी १० सम्म प्रति सटर | २४०००।- | | | |
| | | | सटर नं १२ देखी ६३ सम्म प्रति सटर | १२०००।- | | | |

शर्तहरु:-

१. दरभाउपत्र फारम दस्तुर यस कार्यालयको NIC BANK सिमरा भवानिपुर रौतहटका शाखामा ग-१-१ आन्तरिक राजश्व खाता नं. २१७२०५००२८४५००२ मा रु.१०००।- नगद जम्मा गरेको सक्कलै बैक भौचर (पछि फिर्ता नहुने गरी) पेश गरी दरभाउपत्र फारम खरिद गर्नुपर्ने छ ।

२. दरभाउपत्रदाताले दरभाउपत्र दर्ता गर्दा अफूले कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस कार्यालयको NIC ASIA बैंक सिमरा भवानीपुर रौतहट स्थित खाता नं.४६CA०५१२५१६५२४०६ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा १२० दिन को म्याद भएको बैंक ग्यारेण्टी दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।

३. दरभाउपत्र फारम खरिद एवं दर्ता गर्न अन्तिम दिन विदा पर्न गएमा त्यसको लगतै कार्यालय खुलेको दिनलाई क्रमश अन्तिम दिन मानिनेछ ।

४. विभिन्न ठेक्काहरुको टेन्डर फारममा उल्लेख भए अनुसारको ठेक्का नम्वर खाममा खुलाई अलग अलग रुपमा छुटा छुट्टै पेश गर्नु पर्ने छ ।प्रत्येक सटरको फरक फरक प्रतिस्पर्धा हुर्ने छ ।

५. शिलबन्दी दरभाउपत्र दाखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । दरभाउपत्रको कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्ने छ ।अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईने छ ।

६. दर्ता भएका शिलबन्दी दरभाउपत्र सोही दिन दिनको २:०० (दुई) बजे यस कार्यालयमा दरभाउपत्रदाताका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । साथै दरभाउपत्र खोल्ने समयमा दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

CamScanner

७. दरभाउपत्र स्वीकृतीको सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र संस्था दर्ताको प्रमाण पत्र, मु. अ. कर प्रमाण पत्र, आ.ब. ०८२।०८३ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि सहित सम्झौत गर्न निवेदनका साथ आउनु पर्ने छ । सो अवधिमा सम्झौता नगरेमा धरौटी रकम जफत गरिनेछ र दोस्रो दरभाउपत्र दाताको दरभाउत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन:दरभाउपत्र अवहान गर्ने वा नगर्ने अधिकार गुजरा नगरपालिकामा सुरक्षित रहने छ ।

८. दरभाउपत्र स्वीकृत भई सकेपछि सम्झौता गर्न आउदा सकार गरेको बार्षिक कुल रकमको ५०% रकम आन्तरिक राजश्व खातामा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ र बाँकी ५०% को हकमा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंकको कम्तीमा २०८४ श्रावण महिना सम्मको म्याद भएको परफरमेन्स बन्ड पेश गर्नु पर्ने छ । बाँकी ५०% रकम सम्झौता भएको ६ महिना भित्रमा बुझाई सक्नु पर्ने छ ।

९. परफरमेन्स बन्ड पेश गर्न नसकेमा कवोल गरेको सबै रकम एकमुष्ट आन्तरिक राजश्व खातामा जम्मा गर्नु पर्ने छ ।

१०. बुदा नं. ८ र ९ मा उल्लेखित शर्त पुरा गरेपछि मात्र सम्झौता गरीनेछ ।

११. प्रचलित कानुन अनुसार ठेक्का वापत लाग्ने सम्पूर्ण कर दस्तुर दरभाउपत्रदाता स्वंयमले व्यहोर्नु पर्नेछ ।

१२. वहाल रकमको १०% वार्षिक रुपमा थप गरी अरु २ वर्षका लागि सम्झौताको अवधि थप गरिनेछ ।

१३. भवनको प्रयोग गर्दा विघुत महशुल, खानेपानी, टेलिफोन, सरसफाई शुल्क लगायत नियमानुसार तिर्नुपर्ने कर तथा शुल्कहरु वहालवाला स्वयंलेनै बुझाउनु पर्नेछ ।

१४. कोठाको मर्मत संभार र भवनको Design नविग्रने गरी कोठाको Partition गर्नु परेमा वहालकर्ताले स्वयंम गर्नु पर्नेछ

१५. ठेक्का सम्बन्धि कार्यालय तथा ठेक्दार विच कुनै विवाद उत्पन्न भएमा गुजरा नगरपालिकाको निर्णय अनुसार हुनेछ साथै प्रदेश सरकार वा यस नगरपालिकाले वेला वेलामा आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशन पालना गर्नु सम्बन्धित वहालकर्ताको कर्तव्य हुनेछ ।

१६. यसमा उल्लेख नभएको व्यहोराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ का साथै अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१७. दरभाउपत्र फारम दस्तुर यस कार्यालयको NIC BANK सिमरा भवानिपुर रौतहटका शाखामा ग-१-१ आन्तरिक राजश्व खाता नं. २१७२०५००२८४४५००२ मा रु.१०००।- नगद जम्मा गरेको सक्कलै बैंक भौचर (पछि फिर्ता नहुने गरी) पेश गरी दरभाउपत्र फारम खरिद गर्नुपर्ने छ ।

डम्बर ढुंगेल
प्रमुख प्रशासकिय अधिकृत